



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily




❑ वर्ष २२ ❑ अङ्क १५९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार ८ गते मंगलबार ❑ 22 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## सांस्कृतिक अध:पतन निरुत्साहनका लागि योगाभ्यास बढाऔँ : प्रधानमन्त्री

**रासस**
**काठमाडौं, ७ असार**

प्रधानमन्त्री केपी शर्मा ओलीले समाजमा भइरहेको सांस्कृतिक अध:पतन र असत्यलाई महत्व दिइने प्रवृत्ति अन्त्यका लागि योग र साधनालाई प्रश्रय दिनुपर्ने बताएका छन् ।

विश्व योग दिवसका अवसरमा सोमबार मूल समारोह समितिको आयोजनामा आयोजित भर्चुअल कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले सांस्कृतिक वैभवपूर्ण सभ्यतालाई कायम राख्न विद्यालय तहदेखि नै योग शिक्षा र अभ्यासलाई महत्व दिन आग्रह गरेका हुन् । उनले योग गुरुहरुलाई आफ्ना योगाभ्यास विधिमा आवश्यक परिमार्जन गरी हरेक व्यक्तिलाई सत्य निष्ठाप्रति सङ्कल्पित गराउन आग्रह गर्दै भने, 'योग कुनै अन्धविश्वास होइन, यो मनको सफाइको माध्यम हो, यो एक अनुशासन पनि हो । योगका नाममा देखाइने आडम्बर र गरिने व्यापारलाई स्थान दिनु हुँदैन ।' प्रधानमन्त्री ओलीले सबै नागरिकलाई खोप लगाएर आगामी वर्षको योग दिवसलाई खुल्ला स्थानमा मास्कबिना आउन सक्ने वातावरण निर्माण गरिने बताए । उनले प्राचीन ऋषिमुनिहरुको तपस्या र साधनाका साथै योगको उद्गमस्थल नेपाल भएकाले यसलाई विश्वव्यापी बनाउन सरकार लागिरहेको पनि उल्लेख गरे ।

कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठले कक्षा ४ देखि नै योग विषयको पाठ्यवस्तु तयार भइसकेकाले योग शिक्षालाई थप प्रवर्द्धन गरिने बताए। संस्कृति, पर्यटन तथा नागरिक उडड्यमन्त्री उमाशङ्कर अरगरियाले योगलाई पर्यटनका रुपमा विकास गर्न कार्ययोजना बनाइने बताए।

योगगुरु स्वामी आनन्द अरुणले आफूभित्र मिल्नु नै योग भएको जनाउँदै नेपालले बुद्ध जयन्ती वा उपयुक्त दिनमा ध्यान दिवस मनाउन विश्व समुदायलाई प्रस्ताव गर्नुपर्ने बताए । योगगुरु डा हरिप्रसाद पोखरेलले योग एक सर्वोच्च चेतना भएकाले यसले विविधता र एकतालाई उजागर गर्ने जनाए । संयुक्त राष्ट्र सङ्घले सन् २०१४ देखि दिन (जुन २१) लाई विश्व योग दिवस मनाउन थालेको हो।

## डेल्टा भेरियन्टको परिवर्तित रुप फेला

**रासस**
**काठमाडौं, ७ असार**

नेपालमा कोभिड-१९ सङ्क्रमणको डेल्टा भेरियन्टको परिवर्तित रुप फेला परेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले भारतको नयाँ दिल्लीमा अनुवांशिक (जिन सिक्वेन्सिङ) गर्दा डेल्टा भेरियन्टको नयाँ रुप नौ वटा नमूनामा फेला परेको जनाएको छ। मन्त्रालयका सहप्रवक्ता डा समिर कुमार अधिकारीले नमूना परीक्षणमा अणुवांशिक पहिचान गर्दा ४७ डेल्टा भेरियन्ट पुष्टि भएकामध्ये नौ वटामा थप उत्परिवर्तन रुप देखिएको बताए। यसलाई AY.1 नाम दिइएको छ। उनका अनुसार यो नेपालसहित विभिन्न १० देशमा देखिएको छ। मन्त्रालयले गत वैशाख २६ देखि जेठ २० गतेसम्म देशका विभिन्न स्थानका विभिन्न उमेर समूहका व्यक्तिबाट पिसीआर नमूना राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले छनोट गरी परीक्षणका लागि भारत पठाएको थियो।

नेपालमा अहिलेसम्म अल्फा (B.1.1.7) र डेल्टा (B.1.617.2) तथा कप्पा (B.1.617.1) भेरियन्ट पुष्टि भएको छ। डेल्टाको उत्परिवर्तन भेरियन्ट बढी सङ्क्रामक तथा सबै उमेर समूहका व्यक्तिमा असर गर्ने मन्त्रालयका प्रवक्ता डा कृष्ण पौडेलले जानकारी दिए । उनले यसअघि पनि नेपालमा देखिएको यो डेल्टा भेरियन्टको नयाँ रुप मात्र रहेको बताए। "यो नयाँ देखिएको भेटियन्ट होइन", उनले भने, "यसअघि पनि देखिएको छ, तर यो अन्यभन्दा बढी सङ्क्रामक रहेको छ।"

मन्त्रालयले डेल्टा भेरियन्टको नयाँ रुपको सङ्क्रमण रोक्नका लागि सबै सचेत र जिम्मेवार बनी जनस्वास्थ्यका मापदण्ड पालना गर्नका लागि अपिल गरेको छ।

## योग र ध्यान अनुसरण गर्न सके महाव्याधिबाट छुट्कारा मिल्छ: प्रदेश प्रमुख पौडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ असार**

गण्डकी प्रदेश प्रमुख सीताकुमारी पौडेलले योग साधनाले मन, मस्तिष्क र शरीरलाई सन्तुलन राखेर स्वस्थ जीवन प्राप्त गर्न सकिने बताएकी छन् ।

सातौँ अन्तरराष्ट्रिय योग दिवसका अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै उनले जीवनलाई सकारात्मक सोचबाट अगाडि बढाउन योग साधना र ध्यानको महत्वमा जोड दिएकी छन् ।

योगले मनको भाव शुद्ध र सकारात्मक राख्न सघाउ पुऱ्याउने जनाउँदै सन्देशमा भनिएको छ, "योग कुनै धर्म र अध्यात्मसँग नभई शरीर र प्रकृतिसँग सम्बन्धित छ, चित्तको शुद्धता नै योगको प्रस्थानविन्दु हो र जीवनमा सदाचार प्राप्त गर्नका लागि योगको विकल्प छैन ।" पुर्खाबाट खोज, अनुसन्धान र अभ्यास भइआएका योग र ध्यान साधनालाई नयाँ पुस्ताले पनि अनुसरण गर्न सके ठूलाठूला रोग र महाव्याधिबाट छुट्कारा मिल्ने र स्वस्थ जीवन बाँच्न सकिने सन्देशमा जनाइएको छ।

सन्देशमा विश्व कोरोना महामारीसँग जुधिरहेका वर्तमान अवस्थामा शुद्ध आहार र सकारात्मक चिन्तनको आवश्यकता औँल्याउँदै स्वस्थ र तनावमुक्त जीवन शैली व्यतीत गर्न योग साधनाको महत्व रहेको उल्लेख छ । प्रदेश प्रमुख पौडेलले आज नै परेको संगीत दिवसका अवसरमा सम्पूर्ण नेपालीमा सकारात्मक चिन्तनसहित स्वस्थ जीवन व्यतीत गर्न सक्ने ऊर्जा मिलोस् भनी कामना गरेकी छन् । सन् २०१५ देखि संयुक्त राष्ट्र संघले अन्तरराष्ट्रिय योग दिवस मनाउन शुरु गरेको हो । संसारभर जुन २१ लाई योग दिवसका रुपमा मनाइन्छ।

## दुर्घटनामा दुईको मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ असार**

पोखरा-बाग्लुङ सडकखण्डमा भएको सवारी दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा पर्वतको भुकताङ्ले बस्ने ३२ वर्षीय विनोद मल्ल र अर्का अन्दाजी ४४/४५ वर्षीय पुरुषको परिचय खुल्न बाँकी रहेको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ । पर्वतबाट पोखरातर्फ आउँदै गरेको प्रदेश नं ३-०१-००३ क ५१७३ नम्बरको टिपर र पोखराबाट पर्वत जाँदै गरेको ग २०प ६०३० नम्बरको मोटरसाइकल आइतबार साँझ कास्कीको अन्नपूर्ण गाउँपालिका-३ स्थित पोखरा-बाग्लुङ सडकखण्डको लक्ष्मीदेउराली पत्थरढुङ्गामा एकापसमा ठक्कर खाँदा दुर्घटना भएको जिल्ला प्रहरी नायब उपरीक्षक सुवास हमालले जानकारी दिए।

दुर्घटनामा गम्भीर घाइते मोटरसाइकलमा सवार दुवैजनालाई उपचारका लागि पोखरा ल्याइएकोमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । टिपर चालक सिन्धुपाल्चोक इन्द्रावती गाउँपालिका-१० बस्ने २५ वर्षीय सुरेश माझी र दुवै सवारी साधनलाई नियन्त्रणमा लिइएको र घटनाको अनुसन्धान भइरहेको प्रनाउ हमालले जानकारी दिए।

## पोउवा संघद्वारा निषेधाज्ञा खुकुलो बनाइएकोमा खुसी व्यक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ असार**

पोखरा उद्योग वाणिज्य संघले बिहानदेखि मध्यान्नसम्म सीमित व्यवसाय संचालनको अनुमति व्यवहारिक नभएपनि स्वागतयोग्य भएको जनाएको छ।

संघले सोमबार विज्ञप्ति जारी गरी अव्यवहारिक समयमा पसल खोल्नु र नखोल्नुको कुनै अर्थ नभएपनि प्रशासनको निर्णय निषेधाज्ञा खुकुलो बनाउने दिशातर्फ उन्मुख भएको ठहर पनि गरेको छ । कास्की प्रशासनले मंगलबारदेखि जिल्ला कोभिड व्यवस्थापन समितिले असुरक्षित मानेका बाहेकका व्यवसाय मध्यान्न १२ बजेसम्म सुरक्षा मापदण्ड अपनाएर खुल्ला राख्ने निर्णय गरेपछि संघले सो धारणा सार्वजनिक गरेको हो । संघका महासचिव सुरेन्द्रमान विजुक्छेद्धारा जारी विज्ञप्तिमा भनिएको छ, 'प्रशासनले व्यवसाय संचालनको लागि तोकेको समयावधि उपयुक्त हैन र यो समयमा व्यवसाय खोल्नु र नखोल्नुमा कुनै तात्विक भिन्नता छैन । यद्यपि, यो निर्णयलाई हामीले निषेधाज्ञा खुकलो बनाउँदै जाने दिशातर्फको सकारात्मक कदमको रुपमा स्वीकारेका छौँ ।' संघले तोकिएको समयसीमा रही सुरक्षित तरिकाले व्यवसाय गर्न व्यवसायीहरुसँग आग्रह पनि गरेको छ । आन्तरिक राजश्व विभागबाट असार २५ गतेसम्म कर तिर्ने समयसीमा तोकिएको सन्दर्भमा निषेधाज्ञा खुकुलो बनाइनुलाई कर असुलीको बहाना नबनोस् भन्ने पनि संघको माग रहेको छ । आन्तरिक राजश्व कार्यालयले कर असुलीको समयसीमा बढाउनुपर्ने संघको माग छ। संघका महासचिव विजुक्छेका अनुसार निषेधाज्ञाको बेलामा सामाजिक उत्तरदीयत्व बहन गदै संघले विभिन्न बस्तुगत संघहरुसँगको समन्वयमा पोखराको लामाचौरमा रहेको मातृशिशु मितेरी अस्पताल, लेखनाथमा रहेको संक्रामक तथा सरुवा रोग अस्पताल, जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्की र शिशुवा सामुदायिक अस्पताललाई हामीले आवश्यक स्वास्थ्य तथा भौतिक सामग्री प्रदान गरेको छ।

## व्यावसायिक कृषि कर्ममा लाग्न पूर्वमन्त्री अर्यालको आग्रह

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ७ असार**

नेपाल कम्युनिष्ट पार्टी(एमाले)की नेत्री पद्माकुमारी अर्यालले कृषकलाई व्यावसायिक कृषिकर्ममा लाग्न आग्रह गरेकी छन् ।

बयेरघारीमा ग्रामीण कृषि सहकारी संस्थाद्वारा आयोजित सामूहिक तरकारी खेतीसम्बन्धी तालीमको सोमबार उद्घाटन गर्दै पूर्वकृषि तथा पशुपन्छीमन्त्री अर्यालले जमीनलाई चक्लाबन्दी गरेर ठूलो संख्यामा कृषि उत्पादनमा लागेमा बेरोजगारी समस्या समाधान गर्न सहयोग पुग्ने बताइन ।

ग्रामीण कृषि सहकारी संस्था भीरकोट- २ को आयोजना र भूमिमन्त्रालयको आर्थिक सहयोगमा सञ्चालित तालीममा समूहमा आबद्ध २५ कृषकको सहभागिता रहेको सहकारी संस्थाका प्रबन्धक सरस्वती अधिकारीले जानकारी दिइन । यसैबीच जिल्ला सदरमुकाममा जयजनता बहूउद्देश्यीय सहकारी संस्थाको आयोजनामा तीनदिने व्यावसायिक तरकारी खेती तालीम शुरु भएको छ । जिल्ला सहकारी संघ स्याङ्जाका पहलमा भूमि मन्त्रालयको आर्थिक सहयोगमा सहकारीमार्फत उद्यमशीलता विकास कार्यक्रमअन्तर्गत कालीगण्डकी गाउँपालिकामार्फत तालीम सञ्चालन गरिएको जिल्ला सहकारी संघ स्याङ्जाका अध्यक्ष लक्ष्मीपति पौडेलले जानकारी दिए।

## हेमजामा डाक्टरलाई सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ असार**



कोरोना महामारी नियन्त्रण समन्वय समिति पोखरा २५ हेमजाले एक कार्यक्रमका बिच कोरोना नियन्त्रणमा सहयोग पुऱ्याउने डाक्टरलाई सम्मान गरियो।

कार्यक्रममा डा बिसाल मरासेनी, डा बिपलप अधिकारी, डा बिपिन पराजुली, डा अबिशेक चौदरी र नर्स सलिना पौडेललाई सम्मान पत्रले सम्मान गरिएको थियो । पोखरा महानगरपालिका वडा न. २५ का वडाध्यक्ष शोभाकर तिम्सिनाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा सल्लाहाकार कमलजगं कुवँर, समाजसेबी दान ब. थापा र शान्ता के.सीले आफनो भनाइ राखेका थिए । कायक्रममा सदस्य बिजय पौडेलले समिती १२३ घरमा पुगेको बताउदै एक हजार भन्दा बढ्ढिलाई पि.सि. आर परिक्षण गरिएको बताए।

हेमजामा कोरोना पुष्टि भएका मध्य १२ जना सकृय रहेको हेमजा स्वस्थ्य चौकीका प्रमुख खेम गुरुङले बताए । समितीका कोषाध्यक्ष रमा त्रिपाठीले अहिलेसिम्म भएको आथिक गतिबिधि प्रस्तुत गरिन। उक्त अबसरमा हेमजामा रहका स्वस्थ्य स्वयम सेबिकालाई स्वस्थ्य सामाग्रि बितरण गरिएको थियो।

समितीका संयोजक मोतिराज तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा स्वगत सहसंयोजक कृष्णप्रसाद पौडेल र सञ्चालन सचिब चिरनजिबी अधिकारीले गरेका थिए।

## 'एक कृषक एक दुहुनो गाई/भैंसी' कार्यक्रम अभियानका रूपमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ असार**

कास्कीको अन्नपूर्ण गाउँपालिकाले 'एक कृषक एक दुहुनो गाई/भैंसी' कार्यक्रम अभियानका रूपमा सञ्चालन गर्ने भएको छ।

गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रममा यसलाई अभियानका रूपमा सञ्चालन गरी दूधलाई आफ्नो दैनिक आयआर्जनको माध्यम बनाउने उल्लेख गरिएको छ।

दूध उत्पादनमा सहकारिताको विकास गरी पशुपालक कृषक समूहलाई गोठ निर्माण, तथा भकारो सुधार कार्यक्रमलाई निरन्तरताका साथ उत्पादनका आधारमा अनुदान उपलब्ध गराइने गाउँपालिका अध्यक्ष युवराज कुँवरले जानकारी दिए । गाउँपालिकाअन्तर्गतका सहकारी संस्थालाई सबल रूपमा सञ्चालन गर्न पशु बिमा कार्यक्रम सञ्चालन गर्ने, बहुवर्षे भूईं घाँस, पोषिलो हिउँदे घाँस, बहुवर्षे डालेघाँसका बिरुवा लगाउने तथा नर्सरी स्थापना गर्नेजस्ता कार्यक्रम सञ्चालन गरी दुग्ध सङ्कलन तथा चिस्यान केन्द्र स्थापना एवं विस्तार गर्ने नीति लिइएको छ।

व्यावसायिक पशुपालन, पशु बिमा, गोठ तथा भकारो सुधार उन्नत नश्लका गाई, भैंसी तथा बाच्छा-बाच्छी, पाडा-पाडी हुर्काउने कृषकलाई प्रोत्साहन गर्ने, दूध र मासुको उत्पादन वृद्धि गर्न पार्कोटे र लिमे जस्ता रैथाने जातका भैंसीपालन कार्यक्रमलाई प्रथामिकता दिइने गाउँपालिकाले जनाएको छ। प्राथमिक पशु उपचार सेवालाई निरन्तरता दिइने अध्यक्ष कुँवरले जानकारी दिए। पशुपालक कृषकमा सीप हस्तान्तरणद्वारा आधुनिक पशुपालन पद्धतिको विकास गर्दै लैजाने कार्यमा जोड दिई कृषक समूह, समिति, सहकारी, गैरसहकारी संस्था र गाउँपालिकाबीच साझेदारीका साथ विशेष कार्यक्रम सञ्चालन गरिने गाउँपालिकाले नीति लिएको छ। पशुपालनका क्षेत्रमा आधुनिक प्रविधि सुधार गर्न 'काम गरेर सिक्छ, देखेर विश्वास गर्छ' भन्ने नारालाई कार्यान्वयन गर्न व्यावसायिक किसानलाई नमूना पशुपालन फर्महरूको अवलोकन तथा तालीम जस्ता कार्यक्रम सञ्चालन गरिने अध्यक्ष कुँवरले बताए।

पशुपंक्षीतर्फ कुखुरा, कालिज पालन व्यवसायलाई व्यवसायीकरण गरी एक निश्चित मापदण्डका आधारमा अण्डा र मासु उत्पादनमा आत्मनिर्भरताका साथ निर्यात गरी आयआर्जनमा वृद्धि गरिने उनले बताए । उनका अनुसार माछापालन व्यवसायलाई विस्तार तथा वृद्धि गर्न भुरा वितरण तथा पोखरी निर्माण गर्न जोड दिनुका साथै मत्स्यपालन क्षेत्रमा कृषकहरुको आकर्षण अभिवृद्धि गरिने बताइएको छ ।



# पत्रकार बास्तोलाको १३ औं पुण्यतिथिमा महासंघ कास्कीको श्रद्धाञ्जली सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ असार**

नेपाल पत्रकार महासंघ कास्कीले पत्रकार यज्ञप्रसाद बास्तोलाको १३ औं पुण्यतिथिमा श्रद्धाञ्जली सभा कार्यक्रम गरेको छ । पत्रकार बास्तोलाको कोरोना संक्रमणका कारण निधन भएको थियो । श्रद्धाञ्जली सभा कार्यक्रममा बोल्दै महासंघका केन्द्रिय सदस्य त्रिभूवन पौडेलले पत्रकार बास्तोलालाई सच्चा राष्ट्रप्रेमी व्यक्तिका रुपमा सम्झिए। उनले बास्तोला मिलनसार व्यक्ति भएको उल्लेख गरे । युवाहरु विदेश गएको प्रति सँधै चिन्ता राख्ने जीवनको उतार्धसम्म पनि बास्तोला पत्रकारितामा नै सक्रिय रहेको उनले बताए। आज आफुले एक प्रेरणाका व्यक्ति गुमाउनु परेको भनाई उनको थियो ।



महासंघका केन्द्रिय सदस्य सरिता पंगेनी तिम्सिनाले एक असल अध्यात्मिक र सच्चा पत्रकारलाई गुमाउँदा दुख लागेको बताइन्। उनले हालसम्म कोरोनाका कारण २० जना पत्रकारको निधन भएको जानकारी गराइन्। पछिल्लो समय कोरोना महामारीको कारण देखाउँदै संचारगृहले श्रमजीवि पत्रकारलाई जागिरबाट निकालेको प्रति पत्रकार महासंघ केन्द्रको ध्यानाकर्षण भएको उनले उल्लेख गरिन् । आजबाट संचार गृहको अनुगमन समेत थालिएको उनले बताइन् । उनले महासंघले विरामी भएर अस्पताल भर्ना भएका पत्रकारलाई रोगको प्रकृति हेरेर आर्थिक सहयोग गर्ने बताइन्। उनका अनुसार पत्रकार महासंघले स्वास्थ्य सुरक्षा र पेशागत सुरक्षामा ध्यान दिएको छ।

प्रेस स्वतन्त्र सेनानी नारायण भट्टराईले पत्रकार बास्तोलासँग आफुले धेरै समय बिताएको जानकारी गराए । दिएको जिम्मेबारी पुरा गर्ने पत्रकारका रुपमा सम्झिए। हरेक कुरामा आफै अघि सर्ने स्वभाव बास्तोलामा भएको उनले बताए। नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष कृष्ण प्रसाद बास्तोलाले स्वर्ग्गीय बास्तोलाको बारेमा जानकारी गराए। २००८ सालमा जन्मिएका पत्रकार बास्तोला शुरुमा शिक्षण पेशामा आबद्ध भएको उनले बताए । शिक्षण पेशा पछि मात्र पत्रकारितामा लागेका बास्तोलाले आदर्श समाज राष्ट्रिय दैनिकमा १० वर्ष काम गरेको उनले बताए। पत्रकार सँधै स्वतन्त्र रहनुपर्छ भन्ने मान्यतामा हिँडेका बास्तोलाका अनुकरणीय गुणहरुलाई आत्मसाथ गर्न सके मात्र सच्चा श्रद्धाञ्जली हुने उनले बताए।

नेपाल प्रेस युनियन कास्कीका अध्यक्ष नवीन सिग्देलले पत्रकार बास्तोलालाई अध्यात्मिक जागरण, बौद्धिक क्षमता भएका व्यक्तित्वका रुपमा परिचित गराए । कसैप्रति पूर्वाग्रह नराखी कर्मप्रति बफादार रहने पत्रकार बास्तोलालाई गुमाउँदा मर्माहत भएको उनले बताए।

पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले महासंघले एक असल अभिभावक गुमाएको बताइन् । दुई महिना नबित्दै महासंघले फेरि अर्का साधारण सदस्य गुमाउँदा दुख लागेको बताइन् । उनले आफु पत्रकार बास्तोलाकै हौसला स्वरुप यहाँसम्म आएको जानकारी गराइन् । महासंघ पत्रकारका दुखमा सँधै साथ रहेको प्रतिबद्धता उनको थियो । अस्पतालमा भर्ना भई आर्थिक अभावका कारण समस्यामा परेका पत्रकारलाई समेत आफुहरुले सहयोग गरेको जानकारी उनले गराइन् । पत्रकार महासंघले उपचार कोषको आन्तरिक तयारी गरिरहेको र आर्थिक समस्याका कारण उपचार नपाएर कुनै पनि पत्रकार अप्ठेरोमा पर्नुपर्ने स्थिति नआउने उनले बताइन् ।

उपाध्यक्ष राम प्रसाद तिमिल्सिनाले स्वागत मन्तव्य राखेको कार्यक्रमको संचालन सह–सचिव श्रीकान्त सिग्देलले गरेका थिए।



जनश्रमदानमा जुद्दै जनप्रतिनिधि राजेशः पोखरा महानगरपालिका वडा न १६ मा अस्फाल्ट पिच निर्माण पछि वाटोको छेउछेउमा थुप्रिएका माटो ढुङ्गाका ढिस्कोलाइ वडाकै जनप्रतिनिधि राजेश गुरुङ आँफै सावेलको सहयोगमा बाटो सम्माउँदै । वडा १६ मा जनप्रतिनिधि भएर प्रवेश गरेदेखि बाटो, शिक्षा र स्वास्थ्य लगायत जनताको हरेक समस्या आफ्नो समस्या भएको भन्दै समाधान तर्फ रातदिन चिन्तित भइ कसरी समाधान गर्ने विषयमा साथी भाइ भेटघाटमा समेत छलफल गर्ने गरेको उनका साथी देव क्षेत्रीले पोखरापत्रलाइ बताए। उनै राजेशले वाटोमा हिंड्दा जनतालाइ सजिलो होस भनेर सोमवार बिहानैदेखि साँझसम्म सावेलले काम गरिराखेका प्रत्यक्षदर्शी तथा विकासप्रेमी क्षेत्रीले भने। फोटो-पोखरापत्र

# व्यासका नगरसभामा पाँच विधेयक प्रस्तुत हुने

**पोखरापत्र संवाददाता**
**दमौली, ७ असार**

व्यास नगरपालिकाले ३५ औं नगरसभामा पाँच विधेयक प्रस्तुत गर्ने भएको छ।

कार्यपालिकाको बैठकले आगामी वर्ष २०७८/०७९ को बजेट, कार्यक्रम सम्बन्धित समितिबाट पेश भएको प्रस्ताव माथि छलफल गरी संशोधनसहित नगरसभामा पेश गर्ने निर्णय गरेको हो । यही असार १० गते नगरसभा बस्ने जनाइएको छ। नगरपालिकाको भाषा, संस्कृति, साहित्य संरक्षणका लागि 'व्यास नगर प्रज्ञा प्रतिष्ठान विधेयक ,व्यास नगर ऐतिहासिक एवं महत्वपूर्ण पर्यटकीय क्षेत्रको संरक्षण सम्बन्धी विधेयक, व्यास नगरपालिकामा कार्यरत स्थानीय तहका स्थायी कर्मचारी समायोजन सम्बन्धी विधेयक, व्यास नगरपालिका आर्थिक विधेयक र व्यास नगरपालिका विनियोजन विधेयक २०७८ नगरसभामा पेश गर्ने निर्णय गरेको प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिए । बैठकले नगरपालिका क्षेत्रभित्रका खोप लगाउनुपर्ने सम्पूर्ण बालबालिकालाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मापदण्ड अनुसारका सम्पूर्ण खोप लगाइएको हुँदा नगरपालिकालाई पूर्ण खोप सुनिश्चित घोषणा गरेको छ । नगरपालिकाले अगामी साउन मसान्तभित्र विद्यालय व्यवस्थापन समिति गठन गर्ने भएको छ। यसका लागि सम्बन्धित वडाको अध्यक्ष वा निजले तोकेको सदस्य संयोजक चयन हुनेछन् । समितिमा सम्बन्धित विद्यालयका शिक्षक प्रतिनिधि सदस्य र समितिले मनोनयन गरेको एक जना महिला सहित दुई अभिभावक सदस्य चयन हुनेछन्। सम्बन्धित विद्यालयको प्रधानाध्यापक सदस्य सचिव हुने व्यवस्था छ । नगरक्षेत्रभित्रका विद्यालयहरुको व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घहरुको कार्यकाल २०७८ जेठ मसान्तमा समाप्त भएको र असार १ गतेदेखि नयाँ विद्यार्थी भर्ना अभियान सञ्चालन भएकाले नियमानुसार व्यवस्थापन समिति गठन नहुँदासम्म यस्तो निर्णय गरिएको नगरपालिकाले जनाएको छ।

# शिशुवा कोभिड अस्पताललाई फर्निचर सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ असार**

पोखरा उद्योग वाणिज्य संघ र फर्निचर तथा फर्निसिङ व्यवसायी संघले लेखनाथको शिसुवामा रहेको कोभिड अस्पताललाई १५ वडा बिरामी सुत्ने खाट प्रदान गरेका छन् ।



नेपाल फर्निचर तथा फर्निसिङ व्यवसायी संघका केन्द्रीय अध्यक्ष युवराज पौडेलले अस्पतालका प्रमुख डाक्टटर प्रतिमा कोइरालालाई ती खाट हस्तान्तरण गरेका हुन् । कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका कोषाध्यक्ष बलराम आचार्य, संघका कार्यसमिति सदस्य तथा फर्निचर तथा फर्निसिङ व्यवसायी संघ पोखराका पूर्वअध्यक्ष हिरामणि पण्डित, पोखरा च्याम्बर्सका उपाध्यक्ष ज्ञानबहादुर नेपाली, पोखरा महानगर वडा नम्बर २७ का अध्यक्ष पूर्णबहादुर गुरुङ, ३० का वडाध्यक्ष श्रीराम पोखरेल, महानगर स्वास्थ्य महाशाखाका प्रमुख हेमन्त शर्माको पनि उपस्थिति रहेको थियो । कोभिड संक्रमित बिरामीका आफन्तका कुरुवाहरुको समस्यालाई मध्यनजर राख्दै अस्पताललाई ती खाटहरु प्रदान गरिएको पोखरा उद्योग वाणिज्य संघका कोषाध्यक्ष बलराम आचार्यले जानकारी दिए।

कोभिड महामारीकै बेला पोखरा महानगरले लायन्स क्लबसँगको सहकार्यमा सो अस्पताल निर्माण गरेको हो।





## कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार

कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सोबाट पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकैले त्यस्तो व्यक्ति उपर व्यवस्थापक समक्ष पन्ध्र दिनभित्र लिखित वा मौखिक रुपमा गुनासो गर्न सक्छ।
(कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१)

**गण्डकी प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
**पोखरा, नेपाल**
**फोनः ०६१-४६७७३२/४६७७३३**

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– बी. पी. कोइराला

**सम्पादकीय**

# देउवालाई संस्थापनबाटै चुनौती

नेपाली कांग्रेसको चौधौं महाधिवेशनको लागि क्रियाशील सदस्यता टुंगिएको छैन संस्थापन पक्षका शिर्ष नेताले चुनावी अभियान थालेका छन । केन्द्रीय समितिले महाधिवेशनको मिति तय गरे लगत्तै सभापति शेर बहादुर देउवा र उपसभापति विमलेन्द्र निधिले महाधिवेशनमा सभापतिका लागि अभियान तिब्र पारेका छन । कांग्रेस वृत्तमा यतिबेला सबैभन्दा चर्चाको विषय बनेको छ- सभापतिमा विमलेन्द्र निधिले गरेको दाबी । लामो समय सभापति शेरबहादुर देउवासँग सहकार्य गरेका र देउवालाई साथ दिएका निधिले १४ औं महाधिवेशनमा सभापतिमा उठ्ने बताएपछि कांग्रेस वृत्तमा एकप्रकारको हलचल मच्चिएको छ । कांग्रेसको महाधिवेशन भदौ १६ देखि १९ सम्म काठमाडौंमा हुँदैछ ।

निधिले बाहिर कुरा गरेपनि सभापतिमा उठ्नेबारे देउवासँग आमनेसामने भएर कुरा गरेका थिएनन् । शनिवार भने निधिले सभापतिमा उम्मेदवारी दिने जानकारी मात्र गराएनन्, देउवाको साथ र समर्थन माग गरे । निधिले सोमबार विपि पुत्र डाक्टर शशांक कोइराला ,गणेशमान पुत्र प्रकाशमान सिंहसंग लञ्च मिटिङ गरेर संस्थापक नेताको उत्तराधिकारी बन्ने सन्देश दिन खोजेका छन । देउवाले आसन्न महाधिवेशनबाट सभापतिमा दोहोरिने आकांक्षासहित देउवाले सातै प्रदेशका केन्द्रीय सदस्यहरूसँग छलफल गरेका छन । नेपाली कांग्रेसले आफ्नो मौलिक पहिचान गुमाउँदै गएको आरोप कांग्रेसीले लगाउने गरेका छन । देशको पुरानो र भलाद्मी पार्टीको मान्यतालाई कमजोर बनाउने गरि देउवाको गतिविधि भएका छन । कम्युनिस्टको पछि लागेर संसदीय मूल्य र मान्यता विपरीत कदम चाल्दा कालान्तरमा कांग्रेसलाई घाटा पार्ने काम भएको भन्दै आलोचना गर्ने पनि कांग्रेसमा छन । पार्टीको आदर्श र संसदीय मान्यतालाई कुल्चेर सत्ताको लागि जे पनि गर्न तयार हुने देउवाको परिचय बनेको छ । कांग्रेसलाई देशको प्रमुख पार्टी बनाउने पुरानै नारा लिएर देउवाले सभापतिमा दोहोरिने दाउ गरिरहेका छन् ।

निधिले सभापतिमा उठ्ने दाबी गरेपनि कांग्रेसका बहुसंख्यक कार्यकर्ता देउवासँग भिड्न निधि तयार होलान् भन्नेमा शंका व्यक्त गर्छन् । तर निधि भने कुनै पनि हालतमा पछि नहट्ने मनस्थितिमा छन् । महाधिवेशनको मिति नै तय भइनसकेको अवस्थामा निधिले गतवर्ष नै सभापतिमा उठ्ने जनाउ दिएका थिए । त्यसपछि निधिले नियमित रूपमा कार्यकर्ताहरूसँग परामर्श गरेका छन् । देशव्यापी रूपमा र नेपाली कांग्रेसमा पनि नेतृत्वमा युवा पुस्ताको उपस्थितिको बहस भइरहेको छ । युवा पुस्ताका आकांक्षा सम्बोधन गर्न नसकेको, युवालाई पार्टीमा आकर्षित गर्न नसक्दा कांग्रेस कमजोर भएको भन्ने बहस कांग्रेसभित्र चलिरहेको छ ।

युवा पुस्ताका नेताहरू आक्रामक ढंगले आइरहेको समयमा सभापतिका लागि अहिले उपयुक्त समय आएको निधिको निष्कर्ष छ । 'अर्को महाधिवेशनसम्म गगन-विश्वप्रकाश-चन्द्र भण्डारीहरू नेतृत्वको दाबी गर्ने अवस्थामा आउँछन्, मेरो लागि नेतृत्व दाबी गर्ने उपयुक्त मौका यही हो,' निधिले निकटस्थहरूसँग भनेका छन् । १३ औं महाधिवेशनमा देउवालाई सघाएबापत यसपटक देउवाले आफूलाई समर्थन गर्नुपर्ने निधिको तर्क छ ।देउवाले निर्धारित समयमा महाधिवेशन नगरेर थपिएको डेढ वर्षको अबधि विपक्षी पार्टीलाई कमजोर बनाउन सकेको र पार्टी भित्रका विपक्षीलाई कमजोर बनाउदै लगेको अवस्थामा निधिको उमेदवारी गिरिजाप्रसादसंग देउवा भिडेको जस्तो हुँदैन भन्ने अजेण्डाबाट दिन सक्नुपर्छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बड्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : मानसिक तनाब | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : मन चञ्चल |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शारिरीक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# विमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख पृथ्वीचोकदेखि नदिपुरसम्म जाँदा २०७७/०८/१० गते हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।

नामः पूर्णकला राई
विमा लेख नं.: १३००८३७८६
सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
पोखरा शाखा
मो : ९८५६०२९६९७


# बाख्रा पकेट क्षेत्रको रुपमा विकास गरिँदै

**पोखरापत्र संवाददाता**
**दमौली, ७ असार**

तनहुँको बन्दीपुर गाउँपालिका-१ ले बाख्रा पकेट क्षेत्रको रुपमा विकास गर्न लागिएको छ । गाउँपालिकालाई मासुमा आत्मनिर्भर बनाउने उद्देश्यसहित उक्त वडालाई बाख्रा पकेट क्षेत्रको रुपमा अगाडि बढाइएको हो । यसका लागि वडाले बाख्रापालक कृषकलाई सहयोग गर्दै आइरहेको छ ।

वडाभित्रका १८० बाख्रापालक कृषकलाई वडा कार्यालयले किम्बुको बिरुवा वितरण गरेको छ । चितवनबाट खरीद गरी ल्याइएका १० हजार घाँसका बिरुवा कृषकलाई वितरण गरिएको वडाध्यक्ष भानुभक्त पोखेलले जानकारी दिनुभयो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, गाउँपालिका, वडा कार्यालय र कृषकको समेत लागत सहभागितामा बिरुवा वितरण गरिएको उहाँले बताउनुभयो ।

गाउँपालिकाले सो वडालाई बाख्रा पकेट विकास कार्यक्रममा छनोट गरेको छ । सोही बमोजिम वडाका ४५ कृषकलाई रु २० हजारका दरले खोर सुधार कार्यक्रमका लागि रकम प्रदान गरिएको छ । "बाख्रा पकेट क्षेत्रको रुपमा विकास गर्न बाख्रापालक कृषकलाई प्राविधिक तालीम, घाँसको बिरुवा र खोर सुधारका लागि वडाले सहयोग गर्दै आएको छ," पोखेलले भन्नुभयो, "व्यावसायिक रुपमा बाख्रापालनतर्फ कृषक आकर्षित भइरहेका छन् ।" उहाँका अनुसार किम्बुको घाँस बाख्राका लागि पोसिलो हुने र बाख्रा पनि चाँडै बढ्छ । गाउँपालिकाका पशु शाखाका प्राविधिक मधुविलास न्यौपानेले किम्बुको घाँस हुर्काउन सजिलो र बाख्राका लागि उपयुक्त रहेको जानकारी दिनुभयो । गाउँपालिकालाई मासुमा आत्मनिर्भर बनाउने तथा किसानलाई आर्यआर्जनमा जोड्ने उद्देश्यले बाख्रा पकेट कार्यक्रम सञ्चालन गरिएको छ । बाख्रापालक कृषक मदन अधिकारीले वडा कार्यालयले दिएको किम्बु घाँसको बिरुवाले बाख्रापालनका लागि सहयोग पुग्ने बताउनुभयो । उहाँले एक सयभन्दा बढी बाख्रापालन गर्नुभएको छ । अर्का बाख्रापालक कृषक सविना बानियाँले वडाले उपलब्ध गराएको बिरुवा हुर्काएर धेरैभन्दा धेरै घाँस उत्पादन गर्ने बताउनुभयो । बाख्राको नश्ल सुधार गरी कम्तीमा पाँच वर्षमा वडालाई बोयर तथा स्थानीय खरी जातका बाख्राको स्रोतकेन्द्रको रुपमा विकास गर्ने लक्ष्य लिइएको छ । यस वडामा एक हजारको सङ्ख्यामा बाख्रापालन गरिएको छ । बाख्रा पकेट कार्यक्रमका लागि गाउँपालिकाले यस वडाका लागि रु १५ लाख बजेट विनियोजन गरेको प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार यसकार्यक्रममार्फत् घाँसको बीउ, नश्ल सुधार तथा खोर सुधारका कार्यक्रम सञ्चालन हुनेछन् ।

सोही वडामा कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, नेपाल लाइभस्टक सेन्टर र इनोभेसन आयोजनाको लगानीमा भेटेरीनरी अस्पताल निर्माण सम्पन्न भएको छ । बन्दीपुर गाउँपालिका-१ नाहालामा रु ९८ लाख ६१ हजार ४४९ को लागतमा छ कोठाको भवन निर्माण सम्पन्न भएको छ । बन्दीपुर गाउँपालिकाभित्र पशुपालन गर्ने कृषकको सङ्ख्या बढ्दै गएकाले पशुको उपचारका लागि भेटेरीनरी अस्पताल अति आवश्यकता थियो । उक्त अस्पतालमा पशु चिकित्सकको दरवन्दीमा कर्मचारी खटिनेछन् ।

# सल्लेरीका विस्थापित परिवारलाई हेलिकप्टरबाट राहत

**रासस**
**गोखरा, ७ असार**

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-३ सल्लेरीका विस्थापित परिवारका लागि आज अत्यावश्यक राहात सामग्री पुऱ्याइएको छ ।

लगातारको वर्षाका कारण बुढीगण्डकी नदीमा आएको भिषण बाढीले घर बगाएर विस्थापित भएका सल्लेरीका बाढी पीडितलाई सिम्रिक एयरको हेलिकप्टरबाट राहत सामग्री पुऱ्याइएको प्रमुख जिल्ला अधिकारी शालिकग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

गण्डकी प्रदेश सरकारले विस्थापितका लागि उपलब्ध गराएको ३० थान टेन्ट, उद्योग वाणिज्य सङ्घ र लायन्स क्लब अफ गोरखामार्फत प्राप्त भएको एक हजार ४४० किलो चामल, ६० लिटर खानेतेल, नुन, दाललगायत सामग्री त्यहाँ पठाइएको प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिनुभयो । सेफ्टी किट र औषधिलगायत अत्यावश्यक सामग्री पनि सल्लेरी पुऱ्याइएको उहाँले बताउनुभयो । त्यस्तै विस्थापितका लागि नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाले ९० थान कम्बल उपलब्ध गराएर हेलिकप्टरमार्फत नै सल्लेरी पठाइएको शाखाका सभापति भगवानबाबु मास्केले जानकारी दिनुभयो । छब्बीस घरधुरी रहेको सल्लेरीमा बुढीगण्डकी नदीमा आएको बाढीले पाँच घर बगाएको छ भने गाउँ नै जोखिममा परेको छ । प्रभावित क्षेत्रमा राहत सामग्री ढुवानीका लागि माउण्टेन चाइल्ड जावलाखेलले हेलीकप्टर चार्टर गरिदिएको हो । संस्थाले पाँच पटक गरेर राहत सामग्री सल्लेरी पुऱ्याएको संस्थाका समन्वय अधिकृत सर्मिला मानन्धरले जानकारी दिनुभयो ।

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकामा एक स्थानीय संस्थासँग समन्वव्य गरेर शिक्षा र स्वास्थ्यलगायत क्षेत्रमा काम गर्दै आएको उक्त संस्थाले विस्थीपतका लागि सेफ्टी किटमा सर्जिकल मास्क, स्यानिटाइजर, साबुन, टुथपेष्ट, ब्रस, रुमाल, टिस्यूपेपर, बिस्कुट तथा स्यानिटरी प्याड जस्ता सामग्री पठाएको छ ।

# निसीखोलाका २६० घर स्थान्तरण गर्नुपर्ने अवस्थामा

**पोखरापत्र संवाददाता**
**बागलुङ, ७ असार**

पहिराको बीचमा रहेको निसीखोला गाउँपालिकाका आधार दर्जन बस्तीका २६० घर स्थान्तरण गर्नुपर्ने अवस्थामा रहेका छन् । बागलुङको निसीखोला गाउँपालिका वडा नम्बर १ मा पर्ने हुल्दी गाउँको जमिन पहिराले चिरा चिरा परेपनि स्थानीयले घर छोड्न सकेका छैनन् ।

गत वर्ष ठूलो पहिरो आएपछि अध्ययनका लागि आएको भूगर्भविदको समूहले गाउँमा बस्न जोखिम भएको भन्दै बस्ती स्थान्तरण गर्नुपर्ने बताएका थिए । हुल्दी गाउँसँगै देविस्थानको खारा बजार, खाडु बजार, धाराखर्क खग्रेनी, काँडा कटेनी र बाहुन गाउँको हालत पनि उस्तै छ ।

निसीखोला गाउँपालिकामा हाल सम्म २ सय ८२ घर परिवार पहिराले विस्थापित बनेका छन् जसमध्ये २ सय ६० घर स्थानान्तरण गर्नुपर्ने अवस्थामा रहेको निसीखोला गाउँपालिकाका सूचना अधिकारी पुरुषोत्तम गौतमले जानकारी दिनुभयो । वडा नम्बर १ को देविस्थान खारा बजारका ४१, हुल्दी गाउँका १००, वडा नम्बर २ खाडुका ११, वडा नम्बर २ कै काँडा, किटेनी र बाहुनगाउँका ६०, वडा नम्बर ३ धाराखर्क खग्रेनीका ४८ घर स्थान्तरण गर्नु पर्ने अवस्थामा रहेको गाउँपालिकाले सङ्कलन गरेको तथ्याङ्कमा उल्लेख छ । वडा नम्बर ४ का ३, वडा नम्बर ५ का ८, वडा नम्बर ६ का ४ र वडा नम्बर ७ मा ७ वटा घर पहिराको उच्च जोखिममा रहेको गाउँपालिकाले जनाएको छ । ती घरहरुलाई ग्याबिन निर्माण तथा अन्य व्यवस्थापन गरेर सुरक्षित गर्न सकिने विकल्प भने छ । 'यहाँका वासिन्दाले पानी पर्दा जाग्रम बस्नुपर्ने अवस्था रहेको छ', गौतमले भन्नुभयो, 'वस्ती स्थान्तरण गर्नुपर्ने अवस्थाका भएपनि वैकल्पिक स्थान नहुँदा जोखिमका स्थानीयहरु घर छोड्न सकेका छैनन् ।' पहिराका कारण आफूसहित एक सय परिवारको उठिवास लागेको निसीखोला गाउँपालिका वडा नम्बर १ हुल्दी गाउँका पहिरो पीडित पवनकुमार सिञ्जालीले दुखेसो गर्नुभयो । जोखिममा रहेका बस्तीलाई व्यवस्थापनका लागि गाउँपालिकाले केन्द्र सरकारसँग आग्रह गरेपनि अहिलेसम्म काम हुन नसेको गाउँपालिकाका अध्यक्ष तारानाथ पौडेलले बताउनुभयो । अध्यक्ष पौडेलले पहिराको उच्च जोखिममा रहेका उक्त बस्तीहरुको तथ्याङ्क सङ्कलन गरेर केन्द्रमा पठाएपनि अहिलेसम्म उनीहरुको व्यवस्थापन गर्न नसकिएको बताउनुभयो ।

गाउँपालिकालाई बस्ती स्थान्तरणका लागि गाउँभन्दा तल्लो क्षेत्रमा जग्गा व्यवस्थापनमा समस्या भएको भन्दै माथिल्लो जङ्गल क्षेत्रभन्दा केही तल स्थानीय बस्न नरुचाएकाले झनै समस्या भएको अध्यक्ष पौडेल बताउनुहुन्छ ।

# वन लसुन टिप्न गएका एक बेपत्ता, चारको उद्धार

**रासस**
**गोखरा, ७ असार**

वन लसुन टिप्न गएका उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-३ स्थित सिर्दीबासका एक व्यक्ति बेपत्ता भएका छन् । वन लसुन टिप्न गएका २४ वर्षीय सुरेन्द्र गुरुङ भीरबाट लडेर बेपत्ता भएको प्रहरीले जनाएको छ ।

गत जेठ २६ गते गोरखाको बारपाक सुलिकोट गाउँपालिका-१ र लमजुङको सिमानामा पर्ने बौद्ध हिमालमा वन लसुन टिप्न गएका गुरुङ हिजोदेखि बेपत्ता भएको प्रहरीको भनाइ छ । दिउँसो करीब ३ बजेतिर वन लसुन टिप्दै गर्दा गुरुङ एक्कासी भीरबाट खसेको जानकारी आएपछि प्रहरीले खोजी गरिरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश दाहालले जानकारी दिनुभयो । उहाँसँगै बेपत्ता भएका अन्य चार जनाको भने उद्धार गरिएको प्रहरीले जनाएको छ । सल्लेरीका बाढी पीडितलाई राहत पुऱ्याउन गएको सिम्रिक एयरको हेलिकप्टरमार्फत चारै जनाको आज उद्धार गरिएको प्रनाउ दाहालले बताउनुभयो । उद्धार गरिएका सबैलाई परिवारको जिम्मा लगाइएको छ । उद्धार गरिएकामा धार्चे गाउँपालिका-४ लाप्राकका ३० वर्षका सुवास गुरुङ, चुमनुब्री गाउँपालिका-३ सिर्दीबासका ५० वर्षका धनप्रसाद गुरुङ, ४२ वर्षका तुलबहादुर गुरुङ र १८ वर्षका कान्छा गुरुङ रहेका छन् । मौसममा सुधार आउना साथ प्रहरीले बेपत्ता गुरुङको खोजी तीव्र पार्ने जनाएको छ ।

# हेलिकप्टरबाट खोप

**रासस**
**मनाङ, ७ असार**

मनाङमा कोरोना भाइरस विरुद्धको खोप हेलिकप्टरबाट ल्याइएको छ । जिल्ला स्वास्थ्य कार्यालय मनाङका प्रमुख बद्री आचार्यका अनुसार नासो गाउँपालिकाका नागरिकलाई लगाउन लगिएको खोप बाढीपहिरोको चपेटामा परेपछि हेलिकप्टरबाट ल्याइएको हो । खोप नासो गाउँपालिका वडा नम्बर ४ स्थित अस्थायी स्वास्थ्य चौकीमा सुरिक्षत तरिकाले राखिएको स्वास्थ्य प्रमुख आचार्यले बताउनुभयो ।

बाढीपहिरोमा परेपछि नासोका नागरिक कोरोना भाइरस विरुद्धको खोप लगाउनबाट बञ्चित भएका छन् । खोप लगाउने भनिएको दिन नै अविरल वर्षाका कारण मर्स्याङ्दी नदीमा आएको बाढीपहिरोले नासो क्षेत्र डुवानमा परेको हो ।

मनाङमा ६ हजार नागरिकलाई पहिलो र दोस्रो चरणमा एक हजार नौ सयले खोप लगाएको स्वास्थ्य कार्यालयले जनाएका छ । अझै तीन हजार तीन सय जनालाई खोप लगाउन बाँकी रहेको स्वास्थ्य प्रमुख आचार्यले बताउनुभयो । जिल्लाको चामे गाउँपालिकामा दोस्रो चरणको खोप पनि लगाइसकिएको छ ।

सोमबार नार र फू गाउँमा ७० डोज भेरोसिल र २५ डोज कोभिशिल्ड खोप हेलिकप्टर मार्फत लगिएको स्वास्थ्य प्रमुख आचार्यको भनाइ छ । नार्पाभूमिमा पहिलो चरणमा १ सय ५० डोज खोप लगाइएको थियो । दोस्रो चरणमा १ सय ९० जनालाई खोप लगाइने छ । यस्तै जिल्लामा बाढीपहिरो पश्चात् आउनसक्ने विभिन्न खालका महामारीलाई मध्यनजर गर्दै स्वास्थ्य कार्यालयले काम अगाडि बढाएको छ । बाढीपहिरो गएपछि जिल्लामा शुद्ध खानेपानीको अभाव देखिएको छ । बाढीपहिरोले ठाउँठाउँमा खानेपानीको पाइपहरु बगाएको छ । त्यस कारणले पनि अहिले यहाँका नागरिक आकाशे पानी खाएर बस्न बाध्य भएको स्वास्थ्य प्रमुख आचार्यले बताउनुभयो । आकाशे पानी खाएर बस्दा स्वास्थ्यमा असर पर्ने भएकाले पानीमा क्लोरिन ट्याब्लेटको माध्यमबाट पानी शुद्धीकरण गरिएको छ ।


जन्म एउटै कर्म एउटै बाटो एउटै रहेछ ।
सबै जना विलिन हुने माटो एउटै रहेछ ॥

# हार्दिक समवेदना



जन्मः
वि. स. १९९७ चैत्र १७ गते

स्वर्गारोहणः
वि.स. २०७८ जेठ २५ गते

**स्व. सु. मे. अनेररी क्या. मनकाजी गुरुङ**

कास्की जिल्ला साविकको माछापुच्छ्रे गा.वि.स. वडा नं. ३ तथा माछापुच्छ्रे गाउँपालिका वडा नं. ८ ल्वाङ पुरानो घर भई हाल पोखरा महानगरपालिका वडा नं. १७ विरौटा निवासी यस 4th गोर्खा राईफल्स् भू.पू. सैनिक संघ पोखराका अभिभावक, शुभचिन्तक, मृदुभाषी, सक्रिय सल्लाहकार एवमं माहिली पल्टन 2/4th गोर्खा राईफल्स भू.पू. सैनिक संघ पोखराका अध्यक्ष **सु. मे. अनेररी क्या. मनकाजी गुरुङ** को ८१ वर्षको उमेरमा भएको अकल्पनीय असामयिक दुःखद निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं । आज उहाँको १५ औं दिनको पुण्यतिथिमा पितृकार्य (पैय) को अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै सुखवती भुवनमा प्रवेश पाउन भन्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवान बुद्धले प्रदान गरुन भनि प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**ले. चित्र प्रसाद बराल** — सचिव
**सु. राम प्रसाद गुरुङ** — अध्यक्ष

तथा

**सम्पूर्ण 4th गोर्खा राईफल्स भू.पू. सैनिक संघ पोखरा**

# हिउँदमा चुपचाप, बर्खामा भागाभाग

- तारानाथ आचार्य
**बलेवा, ७ असार (रासस)**

असारको पहिलो दिन नै घरमा बस्न नसक्ने गरी वर्षा भयो । घर वरिपरि छियाछिया परेको जमीन छ । आधा भत्केका घर गाउँभरी छन् । गत वर्षको वर्षामा भत्किएको जमीन कहिँ टालिएको छैन । न जोखिममा परेका घरको व्यवस्थापन भयो । विस्थापित भएका गाउँ छाडेर हिँडे । अरु अवस्था उस्तै छ । समस्या हो बागलुङको निसीखोला गाउँपालिका-१ र २ नम्बर वडामा पर्ने हुल्दी बाहुन गाउँको ।

पोहोर पानी पर्दा लत्ता कपडा र खाद्यान्न पोको पारेर घर छाडेका हुल्दीबासीले अहिले पनि उहीँ भोग्दै छन् । पहिरो पीडितलाई समयमा व्यवस्थापन गर्न नसक्दा अहिलेको वर्षामा उनीहरु घर न घाटका हुने अवस्था आएको हो । घरगाउँ नै मासिने गरी पहिरो गएको भए पनि कोही कसैले सहयोग नगरेको स्थानीय पूर्ण कार्की बताउनुहुन्छ । हुल्दी र बाहुनगाउँमा गएको पहिरो नयाँ भने होइन ।

केही वर्ष पहिलेदेखि चलेको पहिराले गतवर्ष सबैभन्दा धेरै क्षति पुऱ्याएको छ । निसीखोला-१ मा २७ घर पूर्ण क्षति भएका थिए । एक हजार ५०९ घर उच्च जोखिममा छन् भने ७५ घर जोखिममा रहेको तथ्याङ्क गाउँपालिकासँग छ । वडा नं. २ मा ५९ घर पूर्ण क्षति, उच्च जोखिममा १९ घर र जोखिममा १५० घर रहेको तथ्याङ्क छ । वडा नं. ३ मा १० घर पूर्ण क्षति र उच्च जोखिममा २५ घर छन् ।

गाउँपालिकाभरि नै वर्षापछि पहिराको समस्या भए पनि स्रोतसाधनको अभावले व्यवस्थापन चुनौतीपूर्ण रहेको गाउँपालिका अध्यक्ष तारानाथ पौडेलले बताउनुभयो । हिउँदमा चुपचाप बस्ने र वर्षा लागेपछि चिन्ता गर्ने परिपाटीले बस्ती स्थानान्तरण र व्यवस्थापन हुन नसकेको निसीखोला-२ का वडाध्यक्ष कुम्बीर विश्वकर्मा बताउनुहुन्छ । दुई वर्षअघि भूगर्वविद मनिका झाको नेतृत्वको टोलीले गाउँलाई रातो सूचीमा राखेर बस्ती सार्न भनेको थियो । बस्ती स्थानान्तरणका लागि कोही कसैले तदारुकता देखाएका छैनन् । हुल्दी र बाहुनगाउँमा लामो समयदेखि बस्दै आएका खेतीपाती र वनपाखो छाडेर हिँड्न नमानेका कारण पनि बस्ती स्थानान्तरणमा समस्या रहेको गाउँपालिका अध्यक्ष पौडेल बताउनुहुन्छ ।

यस्तै गतवर्ष भदौ २९ गतेको पहिराले गाउँ नै हल्लाएको महसुस गरेका जैमिनी नगरपालिका-१ कुश्मीशेराका कृतिनाथ शर्मा यस वर्ष घरमा बस्नै नसकेर असारको १ गते राति घर छाड्नुभयो । चितवनको रत्ननगर नगरपालिकामा भाडाको घर खोजेर उहाँ बसाइ नै सर्नुभयो । गत वर्ष दुई जनाको ज्यान लिने गरी आएको पहिरो उहाँको घरमाथि आएको छ । पहिराको व्यवस्थापन नभएका कारण जीवनभर कमाएर परिपाठ पारेको घर बुढेसकालमा छाड्नुपरेको उहाँको गुनासो छ । "पहिरो रोक्न र भल बाढी तर्काउन कसैले चासो देखाएनन्", शर्मा भन्नुहुन्छ "एक्लैले गरेर नहुने रहेछ, विपत्मा ज्यान जोगाउनु नै ठूलो कुरा भयो ।" शर्मा जस्तै टुनिबोटका छ परिवारले यस वर्षको बर्खा लागेपछि पहिराको त्रासले घर छाडे । केहीले छाड्ने तयारी गर्दैछन् । हिउँदभर पहिराको रोकथाम र पीडितको व्यवस्थापन नभएपछि टुनिबोटबासी वर्खा लागेपछि भागाभाग गर्न थालेका हुन् । समस्या निसीखोला र जैमिनीको मात्रै होइन गत वर्ष बाढी पहिराका कारण विस्थापित भएका ढोरपाटन नगरपालिकाका झण्डै १३० परिवारको पनि अवस्था उस्तै छ । तमानखोला, काठेखोला, जैमिनी नगरपालिका र गलकोट तथा बरेङ गाउँपालिकामा विस्थापित भएका घर बनेका छैनन् ।

# सडक खुलाउन जनप्रतिनिधि र प्रजिअको श्रमदान

पोखरापत्र संवाददाता
**म्याग्दी, ७ असार**

म्याग्दीको 'लाइफलाइन' मानिएको बेनी-दरबाङ सडकको पहिरो पन्छाएर यातायात सञ्चालन गर्न जनप्रतिनिधि, प्रशासक, सुरक्षा अधिकारी, सुरक्षाकर्मी र सर्वसाधारणले श्रमदान गरेका छन् । मङ्गला, मालिका र धवलागिरि गाउँपालिकालाई सदरमुकाम बेनीसँग जोड्ने २४ किलोमिटर दूरीको बेनी-दरबाङ सडकखण्ड यही असार १ गतेदेखि अवरुद्ध बनेको छ । बेनी नगरपालिका र मङ्गला गाउँपालिकाको सिमानामा पर्ने फापरखेतको पहिरो पन्छाएर यातायात सञ्चालन गर्न आइतबार जिल्लाका सरोकारवाला आफैँले श्रमदान गरेका हुन् ।

जिल्ला समन्वय समितिका प्रमुख देवेन्द्र केसी, प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारी, प्रहरी नायब उपरीक्षक श्यामकुमार राई, नेपाली सेनाको अर्थुङ्गे गुल्मका सेनानी र सशस्त्र प्रहरीको गलेश्वर आश्रित गुल्मका प्रहरी नायब उपरीक्षक हरिबहादुर गुरुङको नेतृत्वमा सुरक्षाकर्मीहरू सडक मर्मतका लागि फापरखेत पुगेका थिए । प्रशासक र सुरक्षाकर्मीसँगै तातोपानी र बाबियाचौरका जनप्रतिनिधि र सर्वसाधारण पनि श्रमदानमा सहभागी भएका थिए । नेपाल प्रहरीका २२, नेपाली सेनाका १४ र सशस्त्र प्रहरीका १३ सहित स्थानीयवासीले पहिरोले भत्काएको ठाउँमा ग्याबियन पर्खाल बनाउन श्रमदान गरेका हुन् । पूर्वाधार विकास कार्यालयमार्फत सञ्चालित बेनी-दरवाङ सडक आयोजनाको ठेकेदार लामा-समानान्तर जेभीको दुई वटा स्काभेटर पनि सडक खुलाउन परिचालन भएको थियो । मङ्गला-२ सिमको पहिरोमा पनि फापरखेतमा जस्तै सुरक्षाकर्मी र स्थानीयवासीले श्रमदान गरेका हुन् । पूर्वाधार विकास कार्यालयले एउटा स्काभेटर परिचालन गरेको छ । फापरखेतको घुमाउनेमा सडक मर्मत गरेर बेनीदेखि सिमसम्म हलुका सवारी साधन आवतजावत गर्न मिल्ने बनाइएको प्रनाउ राईले बताउनुभयो । जिसस प्रमुख, प्रजिअ र सुरक्षा अधिकारीहरूले महत्वका साथ आफैँ उपस्थित भएर सडक खुलाउन प्रयास गर्नुभएको हो । यसअघि बेनी-दरबाङसडक आयोजनाको दोस्रो प्याकेजको ठेकेदार बिरुवा क्याराभान जेभीले मालिका गाउँपालिकाको बाङ्गे पहिरोमा खसेको पहिरो पन्छाएर दरबाङदेखि तोराखेतसम्मको सडकमा यातायात सञ्चालन गराइएको थियो । यसैगरी बेनी-जोमसोम सडकको बेनी-६ जलेश्वर, रघुगङ्गा गाउँपालिकाको चमेरेलगायत ठाउँमा खसेको पहिरो बेनी-जोमसोम-कोरला सडक आयोजनाको ठेकेदार कम्पनीको स्काभेटर परिचालन गरेर हटाई साँझ बेनीदेखि भुरुङ-तातोपानीसम्म यातायात सञ्चालन गराइएको छ । अन्नपूर्ण गाउँपालिकाको रूपसे र मुस्ताङको सिमाना काभ्रेभिरमा खसेको पहिरो पन्छाउने कार्य जारी छ ।

# पर्वत अस्पताल गण्डकी प्रदेशमै उत्कृष्ट

पोखरापत्र संवाददाता
**पर्वत, ७ असार**

गण्डकी प्रदेशका अस्पतालमध्ये पर्वत अस्पताल यस वर्ष पनि उत्कृष्ट भएको छ ।

यो अस्पताल गत आर्थिक वर्षमा पनि उत्कृष्ट बनेको थियो । स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशबाट हरेक वर्ष हुँदै आएको न्यूनतम सेवा मापदण्ड मूल्यांकनमा ११ जिल्लामध्ये सबैभन्दा बढी अंक पर्वत अस्पतालले प्राप्त गरेको छ । अस्पताल व्यवस्थापन समितिका अध्यक्ष गोविन्द पहाडीका अनुसार सुशासन तथा व्यवस्थापन, उपचार सेवा र व्यवस्थापन तथा अस्पताल सहयोग सेवा गरी मुख्य तीन विषयमा मूल्यांकन हुने गरेको छ ।

ती विषयमा केन्द्रित रहेर ६४७ वटा सूचक राखेर त्यसमा अंक प्रदान गरिन्छ । अघिल्लो वर्ष ७८ प्रतिशत अंकसहित प्रथम भएको पर्वत अस्पताल यस वर्ष ६५ प्रतिशत अंकसहित पुनः पहिलो बनेको हो । अस्पताल व्यवस्थापन समिति, स्वास्थ्यकर्मी र कर्मचारी सबैको सामूहिक बलबाट नै यस वर्ष पनि पहिलो भएको पहाडीको भनाइ छ । अस्पतालको सुदृढीकरणका लागि तय गरिएका योजनाहरूमा प्रदेश सरकार, जनप्रतिनिधि तथा अन्य संघ संस्थाहरूको सहयोग र अस्पतालको सिङ्गो टिमको सक्रिय खटाइका कारण आएको नतिजाले अस्पतालको सेवा र सुविधालाई झनै प्रभावकारी बनाउन प्रेरणा मिलेको अध्यक्ष पहाडीले बताउनुभयो ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. ढुण्डिराज पौडेललेगतआर्थिकवर्षमानिर्धारण गरिएका सूचकहरूमा केही परिवर्तन गरिनु, निर्माणका कारण अस्पतालका पुराना भवन भत्काइनु तथा फोहोरमैला व्यवस्थापनको कामका लागि स्थान अभावका कारण अझ सोचे जस्तो काम गर्न नपाएका कारण अघिल्लो वर्षको तुलनामा यस वर्ष कम अंक प्राप्त भएको बताउनुभयो । पर्वत अस्पतालले यस वर्ष पनि विगतका सेवाहरूलाई निरन्तरता दिँदै कोरोना संक्रमितहरुको उपचारका लागि ३५ श्ययाको आइशोलेसन सञ्चालन गरिरहेको छ । यस वर्ष ६२ प्रतिशत अंकका साथमा स्याङ्जा अस्पताल दोस्रो स्थानमा आएको छ भने ६१ प्रतिशत अंकका साथमा दमौली अस्पताल तेस्रो स्थानमा रहेको छ । अघिल्लो आर्थिक वर्ष दमौली अस्पताल दोस्रो स्थानमा रहेको थियो ।

# म्याग्दीमा नयाँ पुस्तक भित्रियो

पोखरापत्र संवाददाता
**म्याग्दी, ७ असार**

कोरोना भाइरसको जोखिम नियन्त्रणका लागि गरिएको निषेधाज्ञा र बाढी पहिरोको असहज अवस्थाका बीच म्याग्दीमा नयाँ पाठ्यपुस्तक भित्र्याइएको छ । शिक्षा मन्त्रालयले असार १ गतेदेखि भर्ना अभियान सञ्चालन गर्न निर्देशन जारी गरेसँगै पुस्तक तथा स्टेशनरी व्यवसायी महासङ्घ म्याग्दीले सदरमुकाम बेनीमा सामुदायिक विद्यालयको पुस्तक भित्र्याएका छन् ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको पोखरास्थित क्षेत्रीय कार्यालयसँग समन्वय गरेर कक्षा १ देखि १० सम्मको पुस्तक आयात गरिएको महासङ्घका अध्यक्ष नवराज पौडेलले बताउनुभयो । "जिल्ला शिक्षा विकास तथा समन्वय एकाइको तथ्याङ्कको आधारमा म्याग्दीलाई पुग्ने पुस्तक ल्याएका छौँ", उहाँले भन्नुभयो, "प्रतिकक्षा एक हजार ७०० देखि रु दुई हजार सेटको हाराहारीमा पुस्तक ल्याएका छौँ ।"

विद्यार्थीलाई नयाँ पाठ्यपुस्तक उपलब्ध गराएर विद्यालय नखुले पनि घरमै बसेर पढ्ने वातावरण बन्ने अपेक्षा गरिएको छ । भौगोलिक विकटता र प्रविधिको पहुँच नभएका ठाउँमा अनलाइनको माध्यमबाट पठनपाठन सञ्चालन गर्न चुनौती छ । विद्यार्थीले घरमै बसेर पढ्ने, अभ्यास गर्ने, सिकाइ वृद्धि र विद्यालय खुलेपछि व्यवस्थापन गर्न सहज हुने भएकाले निषेधाज्ञामै विद्यार्थीको हातहातमा पुस्तक पुऱ्याउन लागिएको हो । महासङ्घले पुस्तक वितरणलाई व्यवस्थित बनाउन बेनीमा बिक्री केन्द्र स्थापना गरेको छ । टाढाका विद्यालयलाई प्राथमिकता दिएर पुस्तक वितरण शुरु भएको छ । पुस्तक अभाव र पूर्ण सेटमा नपाउने समस्या हुन नदिनका लागि शैक्षिक सत्र शुरु हुनुअघिनै ढुवानी र वितरण गरिने पुस्तक व्यवसायी ठाकुर शर्माले बताउनुभयो ।

कक्षा ५ देखि १० सम्मका लागि जनक शिक्षा सामग्रीबाट रु ७६ लाख बराबरको र कक्षा १ देखि ४ सम्मको निजी प्रकाशन गृहबाट रु ३६ लाख बराबरको पुस्तक खरिद गरिएको छ । दुई सय ३२ सामुदायिक विद्यालय भएको म्याग्दीमा पुस्तक खरिदमा यस वर्ष रु एक करोड १२ लाख खर्च हुने बताइएको छ । एउटा कक्षाका लागि एक हजार ७०० देखि दुई हजार सेट पुस्तक आवश्यक पर्छ । कोरोनाको जोखिम तथा लम्बिँदो निषेधाज्ञाले तत्कालै विद्यालय खुल्ने सम्भावना नभए पनि पुस्तक पाएपछि विद्यार्थीलाई स्वअध्ययनको वातावरण बन्ने बताइएको छ ।


## Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive
## Phedikhola, Syangja
## Gandaki Province, Nepal

**Invitation for Sealed Quotation for the procurement of Text Books**

**Date of first Publication: 22 June, 2021**

1. The Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of Printing Service and Supply of Text Books for 1-8 class Students of Phedikhola Rural Municipality under Invitation for Quotations No.: 27/077/78/PRM with SQ No.: PRM-G-SQ-74-BS-077-78.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Rural Municipal Executive,Phedikhola Rural Municipality, Phedikhola, Syangja, Phone:063-402053, email:phedikhola174@gmail.com.
3. A complete set of Bidding Documents may be purchased from the office Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangjaby eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till 06 July, 2021 during office hours. Bidder who chooses to submit their bid document fee on a bank, the above mentioned amount should deposit the cost of bidding document in the following account:
Name of the Bank: Prime Bank Limited, Phedikhola, Syangja; Name of Office: Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja; Office Account Number: 06500308CA [AantarikRajaswaKhata (revenue heading) Number: Ga 1-1]
4. Sealed bids must be submitted to the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja by hand on or before 12:00 Hrs on 07 July, 2021. Bids received after this deadline will be rejected.
5. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 12:30 Hrs on 07 July, 2021 at the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid securityamounting to a minimum of NRs.25,000.00, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. up to 19 September, 2021).If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.06500036CA at Prime Bank Limited, Phedikhola, Syangja and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.


# एक घर एक रोजगार, विद्यालयमै करेसाबारी

- खेमराज गौतम
**बागलुङ, ७ असार**

बागलुङको बरेङ गाउँपालिकाले एक घर एक रोजगार कार्यक्रम अघि सारेको छ ।

कोरोना महामारीका कारण वैदेशिक रोजगारी गुमाएर फर्किएका व्यक्तिका लागि उद्योग व्यवसाय सञ्चालन गरेर आत्मनिर्भर गराउने उद्देश्य गाउँपालिकाले राखेको छ । स्वरोजगार चाहने युवा तथा उद्यमीलाई लक्षित गरी ऋणमा ब्याज सहजीकरणसहित युवा स्वरोजगार कार्यक्रम तथा एक घर एक महिला रोजगार कार्यक्रमलाई अघि सारिएको छ ।

गाउँपालिकाले शनिबार प्रस्तुत गरेको नीति तथा कार्यक्रममा एक विद्यालय एक करेसावारी, रोग पालेर हैन फालेर बाचौँ, प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति, गुणस्तरीय स्वास्थ्य सेवा गाउँपालिकाको प्रतिबद्धता र सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम ल्याएको छ । बागलुङका १० पालिकामध्ये बरेङबाट आर्थिक वर्ष २०७८/७९ को बजेट तथा कार्यक्रम सार्वजनिक गर्न शुरु भएको छ । गाउँपालिकाको सातौँ गाउँसभामा आव २०७८/७९ का लागि पालिका अध्यक्ष कृष्णप्रसाद शर्माद्वारा नीति कार्यक्रम तथा उपाध्यक्ष दिलकुमारी पुनद्वारा बजेट प्रस्तुत गरिएको छ । उहाँले गाउँसभामा रु ३७ करोड ३४ लाख ४७ हजार ४४० बराबरको बजेट प्रस्तुत गर्नुभएको थियो । गाउँपालिकाले कोरोना महामारी नियन्त्रण तथा स्वास्थ्य क्षेत्रका लागि रु करोड १५ लाख, शिक्षा क्षेत्रका लागि रु एक करोड ९८ लाख बजेट विनियोजन गरेको छ । कृषि तथा पशुमा रु एक करोड ५० लाख बजेट विनियोजन गरिएको छ ।

स्वास्थ्यको बजेट कोरोना महामारीसँग जुध्न रु ५० लाख विनियोजन गरिएको प्रमुख प्रशासकीय अधिकृत रमेश थापाले जानकारी दिनुभयो । उहाँका अनुसार ५० प्रतिशत योजना तथा कार्यक्रमलाई निरन्तरता दिइएको तथा २५ प्रतिशत नयाँ कार्यक्रम ल्याइएको छ । बजेट तथा कार्यक्रममा हुग्दीशिर स्वास्थ्य चौकीमा सञ्चालनमा रहेको अस्थायी कोभिड अस्पताल तथा स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य एकाइको पूर्वाधार विकास गर्नका लागि आवश्यक बजेटको व्यवस्था गर्ने, स्वास्थ्य सचेतनाका लागि युवा, विद्यार्थी, शिक्षक र महिला समूहलगायत स्वयंसेवक परिचालन गर्ने, रोग पालेर होइन फालेर बाचौँ भन्ने मान्यतालाई सार्थक रुप दिन स्वस्थ नागरिक, स्वस्थ समाज, स्वस्थ जीवन र त्यसका लागि स्वस्थ उत्पादन तथा स्वस्थ उपभोग गर्ने बानी विकास गर्न सामाजिक जागरण ल्याइने गाउँपालिकाका अध्यक्ष शर्माले बताउनुभयो । "बजेट कोरोना केन्द्रित छ, कोरोनाका कारण रोजगारी गुमेकालाई रोजगारी दिने, स्वास्थ्य संस्थामा पूर्वाधार र जनशक्ति थपलगायत कार्यक्रम तथा बजेट ल्याइएको छ", शर्माले भन्नुभयो, "प्रत्येक विद्यालयमा करेसाबारी, एक स्वास्थ्यकर्मी एक उपकरण झोलालगायत कार्यक्रम ल्याइएको छ ।" कोभिड प्रतिकार्यमा संलग्न स्वास्थ्यकर्मीलगायत अग्रपंक्तिमा रही कार्य गर्ने राष्ट्रसेवकको मनोवल अभिवृद्धि गर्न अतिरिक्त भत्ताको व्यवस्था, गाउँपालिकामा आयुर्वेद वैद्यको व्यवस्था, कम्तीमा १०० बिपन्न घर परिवारका लागि निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था, स्वास्थ्य प्राविधिक शिक्षा अध्ययन गर्न चाहने गरिब तथा जेहेन्दार विद्यार्थीका लागि प्राविधिक शिक्षा अध्ययन छात्रवृत्तिको व्यवस्था गरिने गाउँपालिकाले बजेटमा उल्लेख गरेको छ । कोभिड-१९ रोकथाममा नेपाल सरकारले गरेको बन्दाबन्दी तथा निषेधाज्ञालाई मध्यनजर गरी इन्टरनेटको पहुँच विद्यार्थीसम्म पुऱ्याइ बेभसाइट, मोबाइल एप, सामाजिक सञ्जाल, रेडियो, अडियो तथा अन्य भिडियो कन्फेरेन्सिङ टुलमार्फत शिक्षण सिकाई क्रियाकलाप अघि बढाइने, बरेङका उत्कृष्ट कृषक पुरस्कारमार्फत कृषक तथा कृषि पेशालाई थप प्रोत्साहित गर्ने, बाँझो जमीनको प्रयोग, उत्पादनमा सहयोग, घरबास प्रबर्द्धनलगायत कार्यक्रम सार्वजनिक गरेको गाउँपालिकाले जनाएको छ ।